सत्ता जोगाउन दलहरूले संघीयताको हुर्मत लिन थालेका छन् । लुम्बिनीमा मन्त्रालय फुटाएर भागबण्डा गरिनु पछिल्लो उदाहरण हो । एकीकृत समाजवादीलाई चित्त बुझाउन लुम्बिनीका मुख्यमन्त्री जोखबहादुर महराले मन्त्रालय नै फुटाए । संघीयता खर्चिलो बन्दै गएकोले यसलाई सन्तुलनमा राख्न प्रदेशमा ५ मन्त्रालय राखे पुग्ने सुझाव विज्ञहरूकै छ । तर यहाँ माओवादी–एमाले गठबन्धनले मन्त्रालय फुटाएर ११ पुऱ्याएका छन् । अझ साना दलहरूलाई चित्त बुझाउन मन्त्रालय १३ पुऱ्याउने तयारी छ ।

मधेश प्रदेश संघीयता सिक्ने थलोका रूपमा लिइन्छ । अघिल्लो कार्यकालमा अरु प्रदेशमा तीन चारपटक मुख्यमन्त्री फेरिँदा पनि यहाँ भने एकै जनाले पाँच वर्ष कार्यकाल पुरा गरे । यसपटक अरु प्रदेशमा तीन–चार पटक मुख्यमन्त्री फेरिए पनि मधेशमा सरोज यादव नै निरन्तर छन् । तर मन्त्री भने यहाँ पनि संघीयताको हुर्मत लिने हिसाबले थपिएका छन् । बिहीबार ३ जना थपिएसँगै मधेशमा अहिले बाहलवाला मन्त्रीको संख्या १५ पुगेको छ ।

हुन त अहिले दलहरूको खेती नै सरकार परिवर्तन गराउने र मन्त्री थप्ने छ । कांग्रेस होस् या एमाले सत्ताको नेतृत्व गर्न हानथाप गरिरहेकै छन् । सुदूरपश्चिममा यस्तै हुने देखिन्छ । यहाँ शुरुमा नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिने भनिएपनि अन्तिममा एकीकृत समाजवादीका दीर्घ सोडारी उक्त पदमा पुगेका छन् । मन्त्रीहरूलाई भागबण्डा पुऱ्याउन सोडारीलाई पनि मुश्किल नै छ । जसकारण कुनै पनि दलले मन्त्रीको नाम दिएका छैनन् । गण्डकीको सरकार गठनको विषय सर्वोच्च अदालतमा सुनुवाइको क्रममा छ । कोशीमा कांग्रेसबाट मुख्यमन्त्री बनेका केदार कार्कीलाई एमाले माओवादी गठबन्धनले चाँडो कूर्सी छाड्न चेतावनी दिइरहेका छन् ।

यसरी दलहरूले दैनिक संघीयताको सबैभन्दा कान्छो संरचना प्रदेशलाई मादल बजाए झैं बजाएर कुरूप बनाउने खेल खेलिरहेका छन् । वास्तावमा कांग्रेस र एमालेले संघीयता नचाहेको विषय अहिले प्रष्टिन थालेको छ । पार्टीभित्र संघीयताको विरोधका लागि संविधान संशोधनको नारा उछाल्ने, प्रदेशमा आफूनिकट सबैलाई मन्त्री बनाउने प्रपञ्च शीर्ष तहकै नेताहरूबाट हुन थालेकोले यस विषयमा संघीयताका पक्षधरले ध्यान दिनु जरुरी छ । संघीयताका लागि देशले ठूलो योगदान दिइसकेको छ । प्रदेश संरचनाबाट विकासको रफ्तार बढ्दा केन्द्रीकृत मानसिकता भएका शासक र प्रशासकले देख्न सकेका छैनन् । यस्ता प्रवृत्तिलाई निर्मुल पार्न संविधानमै मन्त्रीको संख्या तोकिने गरी संविधान संशोधनको पहल अहिले जरुरी भइसकेको छ ।

# प्रतिशोध होइन, न्यायको आश



प्रकाश सिलवाल

> कानुन संशोधनको अभावमा बेपत्ता व्यक्तिहरूको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग पदाधिकारीविहीन छन् । भर्खरै सरकारले यी दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि प्रक्रिया अघि बढाएको छ । ती आयोगलाई पर्याप्त अख्तियारी, जनशक्ति र कारबाहीको स्पष्ट प्रक्रियाको अभाव रहेको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६३ हजार ७१८ र बेपत्ता व्यक्तिहरूको छानबिन आयोगमा दुई हजार ५०० उजुरी दर्ता भएका छन् ।

'मलाई यो कुरा पटक-पटक नसम्झाइदिए हुन्थ्यो ।' सशस्त्र द्वन्द्वकालीन समयका पीडितहरू ती घटना सम्झँदा अहिले पनि भावुक हुन्छन् । वि.सं. २०५८ मा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीको आन्दोलनमा जोडिन पुगेका गोरखाका कुमार ढकाल नेपाली सेनाको हिरासतमा परेपछि अहिलेसम्म बेपत्ताको सूचीमा छन् । बीस वर्षसम्म छोराको अत्तोपत्तो नभएपछि ८५ वर्षीय पिताले आश मारेर आफ्नो जीवन छँदै कुमारको अन्त्येष्टिसहितका संस्कारका कार्य होस् भन्ने चाहना राखेपछि उनका दाइ रामबाबुले पिताको इच्छा पूरा गरिदिए । कानुनीरूपमा कुमारको स्थितिबारे कुनै पुष्टि नभए पनि परिवारले अन्त्येष्टि गरेपछि वार्षिक श्राद्ध गर्न तथा सम्पत्ति हस्तान्तरण आदि गर्न भने बाटो खुलेको छ ।

यस्तै, नुवाकोटकी विमला रिमालले सशस्त्र युद्धकालमा आफ्ना पति नवराज रिजाल प्रहरीमा कार्यरत रहँदा बेपत्ता भई हालसम्म पत्तो नभएको स्थितिमा विभिन्न निकाय र सरोकार भएका संस्थामा पुगेर न्यायका लागि आग्रह गर्दै आएका छन् । तत्कालीन विद्रोही पक्षबाट पति बेपत्ता बनाइएपछि आफू एकल भएर काठमाडौंमा चालक सहयोगी भएर साना दुई सन्तानलाई हुर्काउँदा राज्य र समाजबाट कुनै सहयोग नपाइएको उनको दुःखेसो छ ।

यी त केही प्रतिनिधि पात्र मात्र हुन् । द्वन्द्वपीडित महिला सञ्जालकी अध्यक्ष सिर्जना श्रेष्ठ द्वन्द्वकालका पीडित परिवारका यस्ता कथाव्यथा अनगिन्ती रहेको जनाउँदै यस्ता घटनामा प्रतिशोध साँध्ने मनसायमा आफूहरू नरहेको बरू सत्य, तथ्य पत्ता लागोस् र कानुनबमोजिम न्याय निरूपणका साथै आगामी दिनमा यस्ता घटना नदोहोरियोस् भन्ने चाहेको बताउँछिन् । द्वन्द्वपीडित विभिन्न सञ्जालले शान्तिपूर्ण धर्ना, विभिन्न दबाब र वकालतका माध्यमबाट आफूहरूलाई न्याय दिन माग गर्दै आएका छन् ।

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरूले द्वन्द्व र त्यसपछिको संक्रमणकालीन अवस्थामा महिला र बालिकाको अधिकारको सुरक्षाका साथै महिला हिंसा रोकथाम गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गरेको छ । संविधानले लैंगिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक, धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणविरूद्धको हक, समानता, सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक, पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकको व्यवस्था गरेको छ ।

नेपाल सरकारबाट द्वन्द्वकालीन समयका घटनाहरूको उजुरी, अनुसन्धान, मेलमिलाप र अभियोजनका विविध पक्षमा सरकारसमक्ष सिफारिस गर्न 'बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएका थिए । द्वन्द्वको समयमा मानव अधिकारको गम्भीर उल्लंघन गरेका तथा मानवताविरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, घटनाबाट पीडित व्यक्तिलाई न्याय प्रदान गर्न र समाजमा मेलमिलापको वातावरण तयार गर्ने उद्देश्यका लागि ती आयोग गठन भएका थिए । कानुन संशोधनको अभावमा अहिलेसम्म आयोग गठनका ती उद्देश्यपूर्ति हुन सकेका छैनन् । ऐनमा तेस्रोपटक संशोधनका लागि प्रतिनिधिसभामा २०७९ फागुन २५ गते विधेयक दर्ता भएको थियो । विधेयकमा सशस्त्र द्वन्द्वकालमा 'गम्भीर मानवअधिकारको उलंघन' भन्नाले कस्तो अवस्थालाई मान्ने तथा पीडित वा पीडकले मेलमिलापका लागि निवेदन दिएमा मेलमिलाप गराउने वा मुद्दा चलाउने भन्नेबारेमा दलहरूबीच विवाद कायमै देखिएको छ ।

सो विधेयक प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिमा विचाराधीन रहेको छ । समितिको उपसमितिले विधेयकमाथि गत असोज २० गते प्रतिवेन बुझाइसकेको छ । विधेयकमा मिल्न बाँकी मुख्य विषयमा अन्तर्राष्ट्रिय अभ्यास, सर्वोच्च अदालतको आदेश र पीडितकेन्द्रित भएर सम्बोधन निकाल्न संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेर्रेसको नेपाल भ्रमणका समयमा पनि उच्च राजनीतिक तहमा छलफल भएको थियो तर दलहरू सहमतिमा पुगेका छैनन् । सहमति हुन नसके मतदानबाट भए पनि विधेयकलाई पारित गर्नुपर्ने अधिकारकर्मीको भनाइ रहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले तिनै आधारमा विधेयकमा सहमति जुटाउन प्रमुख दलका नेताहरूसँग विभिन्न चरणमा छलफल गर्दै आएका छन् ।

सरकार र तत्कालीन विद्रोही माओवादीबीच २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भए पनि हालसम्म संक्रमणकालीन न्यायले पूर्णता नपाउँदा ढकाल, रिजाल परिवारजस्ता द्वन्द्वपीडित परिवार संगठित हुँदै राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा आफ्ना आवाज प्रस्तुत गर्न विवश भएका छन् । उही पीडाका कुरा पटक-पटक उठाउँदा उनीहरू थकित हुन थालका छन् । अर्कातिर यस क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी क्षेत्रका प्रतिनिधि तथा सञ्चारकर्मीले विभिन्न प्रश्नावली अगाडि तेर्साउँदा उनीहरूलाई पीडामाथि पीडाको अनुभूति हुने गरेको छ ।

कानुन संशोधनको अभावमा बेपत्ता व्यक्तिहरूको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग पदाधिकारीविहीन छन् । भर्खरै सरकारले यी दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि प्रक्रिया अघि बढाएको छ । ती आयोगलाई पर्याप्त अख्तियारी, जनशक्ति र कारबाहीको स्पष्ट प्रक्रियाको अभाव रहेको छ । सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६३ हजार ७१८ र बेपत्ता व्यक्तिहरूको छानबिन आयोगमा दुई हजार ५०० उजुरी दर्ता भएका छन् ।

'नेपालको संक्रमणकालीन अवरोध र आगामी बाटो' विषयक 'साथी' संस्थाले हालै गरेको एक अध्ययनले द्वन्द्व प्रभावितहरूका विविध समस्या र समाधानको उपाय सिफारिस गरेको छ । 'ग्लोबल नेटवर्क अफ वुमन पिसबिल्डर्स' (जिएनडब्ल्युपी) सँगको सहकार्यमा अध्ययनले शान्ति सम्झौता भएको १८ वर्षसम्म संक्रमणकालीन न्यायले टुंगो पाउन नसक्दा पीडितहरूमा थकान अनुभूति भइसकेको, राजनीतिप्रतिको विश्वास कमजोर भएको र पीडितमाथि पीडा दिने कार्य भएको उल्लेख गरिएको छ ।

अध्ययनले संक्रमणकालीन न्याय संयन्त्र र महिला, शान्ति र सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजनाहरूबीचका सम्बन्धको विश्लेषण गरी नेपालको समग्र संक्रमणकालीन न्याय प्रक्रियाप्रति द्वन्द्वपीडितको धारणा, वास्तविकता र अपेक्षाहरूको मूल्यांकन गरेको छ । अनुसन्धानले वास्तविक द्वन्द्वपीडितको उचित पहिचान सुनिश्चित गर्ने र सरकारले मान्यता प्राप्त परिचयपत्र वितरण गर्ने महत्वलाई जोड दिएको छ ।

साथै, द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाका लागि अन्तरिम राहत र प्रभावकारी उपचारको सुनिश्चतता गर्न सुझाएको छ । खासगरी द्वन्द्व सम्बन्धित यौन हिंसासम्बन्धी मुद्दा दायर गर्न तीन महिनाको वैधानिक सीमा बढाउन सिफारिस गरेको छ । अनुसन्धानका टोली प्रमुख एवं राष्ट्रसंघीय सिड कमिटीकी सदस्य वन्दना राणा अध्ययनका निचोडलाई गम्भीरतापूर्वक मनन गरी राजनीतिक दलका नेता र सांसदले संक्रमणकालीन न्यायसम्बन्धी कानुनलाई छिटो टुंगो लगाउने विश्वास व्यक्त गर्छिन् । उनले अध्ययनको नतिजाले सरोकारवालालाई यसका बाधाहरूबारे चिन्तन गर्न र सिफारिसमा विचार गर्न प्रेरित गर्नाका साथै संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुऱ्याउन, पीडित र राज्यका संयन्त्रका लागि विजयी अवस्था सिर्जना गर्न र अन्ततः देशमा दिगो शान्ति कायम गर्न मद्दत गर्ने बताइन् ।

संक्रमणकालीन न्यायका अध्येता चिरञ्जीवी भण्डारीले राजनीतिक इच्छाशक्ति, आपसी विश्वास, सुरक्षा, स्रोतसाधन, पारदर्शी सोच, पीडितकेन्द्रित भावना, विज्ञता अभाव आदि कारणले यो विषय लामो समयसम्म टुंगो लाग्न नसकेको बताए । ' न्यायलाई टुंगोमा लान पीडितहरू क्षमादान गर्न पनि तयार हुन सक्छन्,' भण्डारीको भनाइ छ, 'तर उनीहरू घटनालाई पूरै बिर्सना या यत्तिकै छाड्न तयार छैनन् ।' यस्तै अनुसन्धानकर्ता तृष्णा थापा पीडितहरूमा निराशाको तह धेरै भए पनि उनीहरूमा न्यायको आशा मरिनसकेकाले राजनीतिक नेतृत्वबाट यस पक्षको सम्बोधन हुनुपर्ने बताउँछिन् ।

संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले पारित गरेका प्रस्तावहरू १३२५ र १८२० ले उल्लेख गरेका महिला, शान्ति तथा सुरक्षासम्बन्धी सवाल सम्बोधन गर्न नेपाल सरकार गृह मन्त्रालयले दोस्रो राष्ट्रिय कार्ययोजना तर्जुमा गरेको छ । विशेषगरी महिलाले द्वन्द्वको मारमा महिला र बालबालिका बढी पर्ने भएकाले हिंसामा परेका, परिवार गुमाएका, जनजीवन र व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित भएकाहरूलाई यो कार्ययोजनाले समेटेको छ । यी प्रस्तावले निवारण, सहभागिता, संरक्षण, राहत तथा पुनर्लाभका क्षेत्रहरू अँगालेको छ । नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम तथा संरचना समेतमा यी प्रस्तावका विषयवस्तुलाई आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्न दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को ल्याइएको गृह मन्त्रालयले जनाएको छ ।

राष्ट्रसंघको सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ ले विश्वभरि महिला तथा किशोरीमाथि द्वन्द्वले पारेका असर सम्बोधन गर्न र शान्तिवार्ता, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माण प्रयाससहित शान्ति निर्माणका प्रयासमा महिलालाई योजनाबद्ध ढंगले समावेश गर्न सबै राष्ट्रलाई आह्वान गरेको छ । यस्तै प्रस्ताव नं. १८२० ले द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई द्वन्द्वरत पक्षहरूले सैन्य वा राजनीतिक उद्देश्य पूरा गर्न युद्ध-नीतिका रूपमा प्रयोग गर्ने र त्यसले दण्डहीनता निम्त्याउने सवाललाई सम्बोधन गर्न निर्देश गरेको छ ।

ती प्रस्तावको कार्यान्वयनका क्रममा द्वन्द्वका साथै द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा महिला र किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको निवारण, शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियाका सबै तहमा महिलाको समान सहभागिता र लैंगिक समानता अहिलेको चासो हो । द्वन्द्वको अवस्थामा महिला तथा किशोरी सबै प्रकारका यौन र लैंगिकतामा आधारित हिंसाबाट सुरक्षित गरी द्वन्द्वपछि राहतसम्बन्धी महिलाका खास आवश्यकता पूरा गर्न नेपाल सरकार, गृह मन्त्रालयले बनाएको कार्ययोजनामा रहेका कार्यनीतिको स्थानीय तहबाट प्रभावकारी कार्यान्वयन हुने हो भने संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन पनि टेवा पुग्ने छ । *रासस*

## पत्र-मञ्जुषा

## बुद्धशान्ति गाउँपालिका अध्यक्ष प्रसाईंको मनोमानी

झापा जिल्ला अदालतको आदेश उद्धृत गर्दै असम्बन्धित विभिन्न व्यक्तिहरूलाई बुद्धशान्ति गाउँपालिकाले पत्र काटेर दुःख दिएको छ । बुद्धशान्ति वडा नं. २ का उद्धवप्रसाद सिवाकोटीले रुख बिरुवा कटान रोकेर जग्गा यकीन गराइ पाऊँ भनी गाउँपालिकामा मिति २०८० चैत ७ गते दिएको निवेदनमा अदालतको आदेशका विषयमा कुनै पनि कुरा उल्लेख छैन तर पालिकाले काटेको पत्रमा अदालतको आदेश भनिएको छ ।

निवेदकले अर्कै व्यक्तिलाई दायर गरेको सोही प्रकृतिको अर्को मुद्दामा झापा जिल्ला अदालतबाट मिति २०८० चैत २ गते भएको आदेशको प्रति घुसाएर गाउँपालिकामा पेस गरेको निवेदनमात्र पढेर असम्बन्धित विभिन्न व्यक्तिहरूलाई पालिकाले पत्र काटेर दुःख दिएको हो । निवेदक सिवाकोटीले आफ्नो निवेदनमा अदालतको आदेशको कुनै जिकिर गरेका छैनन् । तर सोही निवेदन कार्यान्वयन गर्ने नाममा गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको हस्ताक्षरमा मिति २०८० चैत ७ गते प. सं. २०८०/८१ च. नं. १९३० बाट अर्जुनधारा-८ का रेनुका कोइराला र नारदमुनी कोइराला तथा सूर्यविनायक-४ भक्तपुरका प्रीति ढकाल सिवाकोटी र प्राञ्जल सिवाकोटीको नाममा पत्र काटिएको हो । निवेदक सिवाकोटीले अदालतको आदेशपछि आफ्नो पूर्वपत्नी प्रीति ढकाल सिवाकोटी र छोरी प्राञ्जल सिवाकोटीलाई अंश दिएको जग्गा उनीहरूले थापा थरका एकजना व्यक्तिलाई बिक्री गरेका थिए । सो जमिन दोस्रोपटक किनबेच भई थापाबाट अर्जुनधारा-८ की रेनुका कोइरालाको नाममा राजीनामा पास भइसकेको छ ।

तर उक्त जमिनमा लगाइएको बोटबिरुवाहरू अदालतबाट नाप नक्सा नभएसम्मका लागि नकाट्नु भन्ने गाउँपालिकाको पत्रले संविधान प्रदत्त सम्पत्तिको हकमाथि नै धावा बोलेको प्रतीत हुन्छ । गाउँपालिकाले हुलाकमार्फत कोइराला परिवारलाई पठाएको पत्रमा उल्लिखित जमिनको दुईवटै कित्ता उद्धव सिवाकोटीले मेरो भनी दाबी गर्नु र धनीपूर्जाको प्रतिलिपि पनि नराखी दिएको निवेदनकै आधारमा पालिका अध्यक्षले पत्र काट्नुले व्यक्तिको निजी सम्पत्तिमाथि पालिका अध्यक्षले समेत धावा बोलिरहेका छन् ।

गाउँपालिका अध्यक्ष प्रसाईंको हस्ताक्षरमा प्राप्त पत्रमा उल्लिखित जग्गा कित्ता नम्बर ४९४३ र ४९४५ मेरो आमाको नाममा २०७९ असार ३१ गते राजीनामा पास भई एकलौटी हकभोगको जग्गा हो । निवेदकले पेस गरेको कागजात पूरै नपढी अदालतको आदेशको हवला दिएर हामी असम्बन्धित मानिसहरूलाई गाउँपालिकाले किन थर्काएको दिएको हो, बुझ्न सकिएको छैन । गाउँपालिकामा पेस गरिएको निवेदनका साथमा उद्धवप्रसाद सिवाकोटीले भूमिप्रसाद लामिछानेलाई विपक्षी बनाएर दायर गरेको मुद्दामा झापा जिल्ला अदालतबाट मुद्दा नं. २०७९-अउ-०४१४ मिति २०८० चैत २ गते भएको आदेशको प्रति राखेको पाइएको छ । तर गाउँपालिकालाई सिवाकोटीले दिएको निवेदनमा अदालतको विषय उठान नै नगरी मेरो पूर्वपत्नी र छोरीलाई अंश दिएको विवादित जमिन भनी जिकिर गरेका छन् । गाउँपालिकाले वडा नं. २ लाई आवश्यक सहजीकरण गरिदिनु हुन भनी बोधार्थ दिएकोले सो वडाका वडाध्यक्ष डिल्ली ओलीलाई वास्तविकता के हो भनी जिज्ञासा राख्दा उनले 'जाली किर्ते कागज राखेर दिएको निवेदन नपढी पालिका अध्यक्षले रातो मसीले हस्ताक्षर गर्नु सरासर अख्तियारको दुरूपयोग भएको' बताएका छन् । हस्ताक्षर गर्नुअघि पालिका अध्यक्षले निवेदनलाई पुष्टि गर्ने 'सपोर्टेड डकुमेन्ट्स' अध्ययन गर्नुपर्ने थियो तर सिवाकोटी परिवारको प्रभावमा परेर उनले जग्गाधनीलाई आफ्नो सम्पत्तिको हकभोग गर्न नदिने प्रपञ्च गरेको प्रस्ट देखिन्छ । वडाध्यक्षको नाताले रुख बिरुवा कटानका लागि आफूले जग्गाधनीको कागजात राखेर नियमानुसार वन कार्यालयमा सिफारिस गरिदिएको, तबमात्र कोइराला परिवारले निजी वनको रुख कटानी गरेको वडाध्यक्ष ओलीले भनेका छन् । यही घटनालाई लिएर निवेदकका भाइ प्रकाश सिवाकोटीले मेरो छोरोलाई बोलाएर 'तिम्रो बाबुको हातखुट्टा भाँचिदिन्छु र बिएण्डसी अस्पतालमा राखेर उपचार गर्छु' भनी धाकधम्कीसमेत दिएको घटना स्मरण गर्दा पालिका अध्यक्षसमेत दबाबमा वा प्रभावमा परेका हुनसक्छन् । निवेदक सिवाकोटीका सँधियार शिव थपलियाका अनुसार गाउँपालिकाले कोइराला परिवारको नाममा पत्र काट्नु सरासर गलत हो । जुन जमिनमा लगाइएको रुख बिरुवा नकाट्न अदालतको आदेश छ, सोभन्दा एक किलोमिटर टाढा रहेको असम्बन्धित मानिसहरूलाई गाउँपालिकाले पत्र काटेर दुःख दिनु पालिका अध्यक्षले अख्तियारको दुरूपयोग गरेको ठहर्दैन र ? अझ पालिकामा नै न्यायिक समिति रहेको र सोको संयोजक उपाध्यक्षमा यस्तो विषयमा छानविन गर्ने, मिलाउने अधिकार निहित रहेको हुन्छ । तर पालिका अध्यक्षले उपाध्यक्षसमेतलाई थाहा नदिई पत्र काट्नु सरासर गलत नियत भएको थपलियाको बुझाइ छ ।

आफूहरू उद्धवप्रसाद सिवाकोटीको नाममा रहेको कित्ता नं. ४९४४ नम्बरको करिब पाँच विघा जमिनका सँधियार रहेको बताउँदै थपलियाले उनले पश्चिमतर्फको १२ जना र पूर्वतर्फका छ जना सँधियारलाई मुद्दा हालेर अदालतबाट आएको आदेशको प्रति राखी असम्बिधत व्यक्ति कोइराला परिवारलाई 'टर्चर' दिएको बताएका छन् । बुवा आमाको नाममा गाउँपालिकाबाट अलग-अलग दुईवटा पत्र हुलाकमार्फत घरमा आएपछि आफूले गाउँपालिका गई उपाध्यक्ष भवानी खतिवडासमक्ष कुरा राख्दा आफूलाई यो विषयमा कुनै जानकारी नदिई अध्यक्षले मनोमानी तपाईंहरूलाई पत्र काटेको रहेछ भनी बताएका छन् । आफूहरूले भोगचलन गरेको जमिनमा कुनै सँधियारको हकभोगको जमिन परेको नहोस् भन्नका लागि हामीले नापी कार्यालय भद्रपुरबाट अमिन झिकाएर गत २०८० माघ २३ गते सँधियारहरू राखेर नापजाँच गरी प्रमाणित पनि गरिसकेको अवस्थामा यस्तो झूठा आरोप लाग्नुले हामीहरू चिन्तित भएका छौं । सोही समयमा आफूले समग्र विषयको कागजात प्रतिलिपि माग गरेर हेर्दा पालिका अध्यक्षले हामीलाई पत्र काट्नुको कुनै विश्वसनीय आधार नभएको हाम्रो दाबी छ । अब पालिकाले अनाहकमा दिएको दुःखको कानुनी उपचार खोज्नेतर्फ हामी लागिरहेका छौं ।

**राजेश कोइराला**
**बुद्धशान्ति गाउँपालिका, झापा**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## मननयोग्य

### चाणक्य नीति

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

# अर्नाकोट र सिँडेरीबासीलाई सधैं पानीकै पिरालो

■ डम्मर बुढा मगर

**ढोरपाटन (बागलुङ)**– गाउँ वरपर खानेपानीका पर्याप्त मुहान छैनन् । धारा र कुवा सुक्दै गए । भएको मुहानमा पानी छैन । एक गाग्री पानी भर्नका लागि बागलुङको निसीखोला गाउँपालिका–२ अर्नाकोटका स्थानीयलाई घण्टौं हिँड्नुपर्छ । गाउँको धारामा पानी आउन छाडेको दशक बढी भयो । दिनप्रति दिन खानेपानी अभाव हुँदै गएपछि अर्नाकोटसँगै सिँडेरी र घम्पुका करिब ५०० घर परिवार समस्यामा छन् । गाउँ नजिक खानेपानीको मुहान नहुँदा अर्नाकोटका सयौं नागरिक घण्टौंको यात्रा गरेर पानी बोक्न बाध्य छन् ।

पछिल्लो समय उनीहरू घण्टौंको समय एक गाग्री पानी भोक्दैमा बित्ने गरेको गर्छ । खानेपानीको हाहाकार हुँदै गएपछि एउटा धाराबाट ५० घरका नागरिकले पानी उपभोग गर्नु पर्ने बाध्यता छ । खानेपानी भर्नका लागि मध्यरातमै उठेर धारामा पुग्नुपर्छ । बिहान को छिटो धारामा पुगेर पहिला पानी भर्ने भन्ने होडबाजी स्थानीयबीच हुने गरेको छ ।

छिटो पुग्न नसके लामो समय लाइन बसेर पालो कुर्नुपर्ने स्थिति छ । करिब एक दशक अगाडि गाउँमा खानेपानीको चरम अभाव बढ्दै गएपछि गाउँमा थुप्रै सिमेन्टका घ्याम्पाहरू निर्माण गरेर आकाशे पानी संकलन गरेर प्रयोग गर्नुपर्थ्यो । घ्याम्पोमा संकलन भएको पानी करिब डेढ महिना पुऱ्याउनुपर्ने बाध्यता छ ।

यहाँका अधिकांश स्थानीयहरू पानी बोक्नका लागि ढोरपाटन नगरपालिका वडा नम्बर ५ को बसुन्धरा, बाँसखोला र बराहथान जान बाध्य छन् । तर उनीहरूको समस्या अहिलेसम्म पनि सम्बोधन भएको छैन । अर्नाकोट उच्च पडाडी क्षेत्रमा भएको हुँदा खानेपानीको मुहान त्यस वरपर छैन । सानोतिनो भएको मुहान पनि सुक्दै गएका छन् ।

खानेपानी अभाव हुँदा दैनिकी नै कष्टकर बनेको स्थानीय प्रेमबहादुर विकले बताए । बर्खामा संकलन गरेको पानी महिनौंसम्म पुऱ्याउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । उनी लामो समय खडेरी परेपछि गाउँमा खानेपानीको हाहाकार मच्चिने बताउँछन् । प्लास्टिकका ड्रमहरूको प्रचलन नआउँदा घ्याम्पोमै पानी संकलन गरेर



प्रयोग गरेको भन्दै अहिले धेरै घर–घरमा ठूला प्लास्टिकका ड्रमहरू राखेको विकले बताए ।

उनले भने, 'सरकारले सफा र शुद्ध पानीको नारा लगाउँछ, तर हामीहरूले धमिलो पनि पानी देख्न पाउँदैनौं, एक गाग्री पानीका लागि दिन बिताउनुपर्छ, हामीहरूले कस्तो नियति भोगिरहेका छौं, यस क्षेत्रको समस्याबारेमा धेरैपटक नेताहरूलाई सुनायौं तर कुनै सुनुवाइ नै भएन, दुर्गम ठाउँ भए पनि अहिले अरू विकास विस्तारै हुँदै छ, तर खानेपानीको सुविधा भने अझैसम्म आउन सकेन, काम नगरेपछि मान्छेहरूलाई खान लाउन पनि गाह्रो हुन्छ, पानीको दुःखले गर्दा दैनिकी चलाउन पनि सकस भइरहेको छ ।'

गाउँमा पहिला सानो मुहान भए पनि अहिले पानी सुक्दै गएपछि खानेपानी आपूर्तिमा समस्या भएको स्थानीय मनकुमारी सुनार बताउँछिन् । केही वर्ष अगाडि गाउँमा पानीको हाहाकार मच्चिएपछि युनिका फाउण्डेसनको सहयोगमा निसीखोला गाउँपालिका वडा नम्बर २ बाँसखोलाबाट ३३५ मिटर दूरीमा लिफ्टिङमार्फत खानेपानी आयोजना निर्माण गरिएको थियो । यसबाट पनि अहिले पिउने पानी अपर्याप्त भएको उनको भनाइ छ । गाउँभन्दा धेरै टाढा खानेपानीको धारो भएको हुँदा आउजाउ गर्दा तीन/चार घण्टा बित्ने सुनारले बताइन् । पानीको अभावले गर्दा सरसफाइ गर्नदेखि पशुचौपायालाई खुवाउनसमेत निकै गाह्रो भएको दुखेसो पोखिन् ।

'यो ठाउँमा निकै खानेपानीको समस्या छ, हामीहरू निकै समस्यामा छौं, सधैं खानेपानीकै पिरलो हुन्छ, बारीमा तरकारी लगाउँ, केही खेती गरौं भने पनि पानीको कारण गर्न पाएका छैनौं, चामल, नुन त बरू गाडीले बजारबाट ल्याउँछ, पानी भने घण्टौं लगाएर बोक्नुपर्छ,' उनले भनिन्, 'यसले गर्दा हामीहरू निकै मर्कामा परेका छौं, यो ठाउँ खेतीपातीका लागि उर्वरभूमि हो, जुनसुकै खाद्यबाली उत्पादन हुन्छ, तर के गर्ने पानी छैन, कसरी उत्पादन गर्न सकिन्छ र ?'

अर्नाकोट क्षेत्रमा खानेपानीको व्यवस्थापनका लागि धेरै प्रयासहरू भए पनि सफल हुन सकेको छैन । निसीखोला गाउँपालिका–२ का अध्यक्ष कुविर विश्वकर्माले अर्नाकोटदेखि करिब २७ किलोमिटर पश्चिममा रहेको हाँचदह मुहानबाट पाइपमार्फत पानी ल्याउने भने पनि स्थानीयको अवरोधका कारण काम गर्न नसकिएको बताए ।

वडा नम्बर ६ को हाँचदहमा पानी पर्याप्त हुँदा धेरैपटक स्थानीयसँग छलफल गरे पनि पानी ल्याउन नसकेको उनको भनाइ छ । दुई वर्ष अगाडि ढोरपाटन नगरपालिकासँग सहकार्य गरेर फुर्तुङबाट पाइपमार्फत पानी पुऱ्याए पनि त्यो पर्याप्त नभएको बताए । 'यहाँ खानेपानीको समस्या वर्षौंदेखिको हो, हामीहरूले यो समस्यालाई समाधान गर्न धेरै प्रयासहरू गरिरहेका छौं, खासगरी अर्नाकोट, सिँडेरी, घम्पु गाउँका ५०० घर परिवारले खानेपानीको अभाव भोगिराख्नुभएको छ,' अध्यक्ष विश्वकर्माले भने, 'यहाँका स्थानीयले प्यास मेटाउने गरी पानी पिउन नपाएको धेरै भयो ।' *रासस*

## बूढीराप्ती नदी क्षेत्रमा सरसफाइ



**चितवन (प्रस)**– चितवनमा जारी २९औं वन्यजन्तु सप्ताहअन्तर्गत बुधबार रत्ननगरको सौराहस्थित बूढीराप्ती नदी क्षेत्र सरसफाइ गरिएको छ । बाघमारा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा नदीको चित्रसारी पुलदेखि डुंगाघाटसम्म सरसफाइ गरिएको हो ।

नदी सफा गरेपछि बाघमारा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष जीतु तामाङले नदीमा मानवीय चाप घटाउनुपर्ने बताए । वातावरण र प्रकृति संरक्षण हामी सबैको दायित्व हो भन्दै उनले नदी प्रदूषण रोक्न एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले संरक्षणका दृष्टिले महत्त्वपूर्ण मानिएको वन्यजन्तु सप्ताहमा सरोकारवालाको उल्लेख्य सहभागिता नहुनु दुःखद भएको बताए । वर्ड एजुकेसन सोसाइटीका अध्यक्ष टीकाराम गिरीले निकुञ्ज आसपासका नदीमा मानव बस्ती वृद्धिका कारण जलचर संकटमा परेका बताए । सफाइका निम्ति चित्रसेन मध्यवर्ती सामुदायिक वन, सौराहा लेडी जेसिज, लियो क्लब अफ चितवन सौराहा, मैनहा युवा क्लबलले सहयोग गरेका थिए ।

सप्ताहअन्तर्गत बिहीबार वन, वन्यजन्तु र वातावरण संरक्षणमूलक सचेतना ऱ्याली, सप्ताहको अन्तिम दिन आज शुक्रबार वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा सम्भावना र चुनौती विषयमा छलफल र संरक्षणमा योगदान गरेकालाई सम्मान गर्ने कार्यक्रम छ ।

मृगकुञ्जको अगुवाइमा जारी वन्यजन्तु सप्ताहमा स्थानीय सरकार, राष्ट्रिय प्रकृति संरक्षण कोषसहित सामुदायिक वन, सौराहाको पर्यटनसँग सम्बन्धित संघसंस्था गरी २६ वटा संघसंस्था संलग्न छन् ।


### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/०७**

यस जनचेतना सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने सिलसिलामा आ.व.२०७५/०७६ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको लट नं. १ को साल जातको गोलिया थान ५५ को ४८८.१२ घ.फि., असना जातको गोलिया थान ४५ को ५०२.८४ घ.फि., धौटी जातको गोलिया थान ११ को १३०.६७ घ.फि., भलायो जातको गोलिया थान ७ को ३२.१७ घ.फि., कालिकाठ जातको गोलिया थान ४ को ९.४२ घ.फि. गोलिया काठ तथा बिभिन्न जातको मिश्रीत २.०० चट्टा दाउरा र लट नं. २ को साल जातको गोलिया थान ५३ को ५८७.५० घ.फि., कर्मा जातको गोलिया थान १५ को १७९.९१ घ.फि., कुसुम जातको गोलिया थान ६४ को ५९३.०३ घ.फि., महुवा जातको गोलिया थान १३ को ४६.१८ घ.फि., दबदबे जातको गोलिया थान ६ को ३३.९० घ.फि.गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले २ वटा लट कायम गरी यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र लटवाईज अलग–अलग सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री जनचेतना सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका–२, नारायणपुर बर्दिया**



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/०७ गते)

बैनी राम तामाङ्गको नाति, हजार सिं तामाङ्गको छोरा, कुमारी तामाङ्गको पति रामेछाप जिल्ला, सुनापति गा.पा वडा नं ०४, (साविकः बेथान गा.वि.स वडा नं. ०१, रामेछाप) बस्ने विचार सिं तामाङ्गको मिति २०८०/०९/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मन्थली शाखामा रहेको बचत खाता नं.२३८०२२३९४१३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती कुमारी तामाङ्गले यस बैंकको मन्थली शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय मन्थलीमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय मन्थली फोन नं. ०४८–५४०५१०**


## RELIANCE FINANCE LIMITED
## रिलायन्स फाइनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वितीय संस्था)

**Head Office:**
Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

### Unaudited Financial Result (Quarterly) Third Quarter End of Fiscal Year 2080/081

(NRs. 000)

#### Statement of Financial Position As on Quarter Ended 30th Chaitra 2080

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 639,850 | 415,866 |
| Due from Nepal Rastra Bank | 271,203 | 242,269 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loan and advances to B/FIs | 401,567 | 436,259 |
| Loans and advances to customers | 5,637,210 | 5,191,588 |
| Investment securities | 1,895,825 | 2,006,787 |
| Current tax assets | 37,589 | 28,887 |
| Investment in subsidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 133,970 | 24,571 |
| Property and equipment | 325,568 | 332,187 |
| Goodwill and Intangible assets | 1,075 | 1,748 |
| Deferred tax assets | 4,982 | 1,951 |
| Other assets | 45,651 | 34,848 |
| **Total Assets** | **9,394,489** | **8,716,960** |
| **Liabilities** | | |
| Due to Bank and Financial Instituions | 324,999 | 187,459 |
| Due to Nepal Rastra Bank | 324,350 | 177,826 |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 7,476,536 | 6,659,828 |
| Borrowing | - | 370,000 |
| Current Tax Liabilities | | |
| Provisions | - | - |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 165,413 | 164,208 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **8,291,298** | **7,559,321** |
| **Equity** | | |
| Share capital | 1,121,452 | 1,121,452 |
| Share premium | 1,141 | 1,141 |
| Retained earnings | (313,168) | (162,066) |
| Reserves | 293,766 | 197,113 |
| **Total equity attributable to equity holders** | **1,103,191** | **1,157,639** |
| Non-controlling interest | - | - |
| **Total equity** | **1,103,191** | **1,157,639** |
| **Total Liabilities and equity** | **9,394,489** | **8,716,960** |

#### Condensed Statement of Profit or Loss As on Quarter Ended 30th Chaitra 2080

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Interest income | 217,367 | 659,420 | 265,340 | 737,599 |
| Interest expenses | 169,611 | 525,860 | 196,954 | 582,645 |
| **Net interest income** | **47,755** | **133,560** | **68,387** | **154,954** |
| Fee and commission income | 12,646 | 29,120 | 9,939 | 25,412 |
| Fee and commission expenses | - | - | - | - |
| **Net fee and commission income** | **12,646** | **29,120** | **9,939** | **25,412** |
| **Net interest, fee and commission income** | **60,401** | **162,681** | **78,326** | **180,366** |
| Net trading income | - | - | - | - |
| Other operating income | (10) | 3,598 | 173 | 2,022 |
| **Total operating income** | **60,391** | **166,279** | **78,499** | **182,389** |
| Impairment charge/(reversal) for loans and other losses | 5,940 | 65,536 | (10,525) | 39,427 |
| **Net operating income** | **54,452** | **100,743** | **89,024** | **142,962** |
| **Operating expenses** | - | - | - | - |
| Personnel expenses | 24,799 | 81,361 | 23,823 | 74,320 |
| Other operating expenses | 17,966 | 54,745 | 16,742 | 51,993 |
| Depreciation & Amortisation | 4,174 | 11,889 | 3,336 | 10,022 |
| **Operating Profit** | **7,513** | **(47,251)** | **45,123** | **6,628** |
| Non operating income | - | - | - | - |
| Non operating expenses | - | - | - | - |
| **Profit before income tax** | **7,513** | **(47,251)** | **45,123** | **6,628** |
| Income tax expenses | - | - | - | - |
| Current Tax | | - | 1,988 | 1,988 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **7,513** | **(47,251)** | **43,135** | **4,639** |

#### Condensed Statement of comprehensive income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Profit for the year | 7,513 | (47,251) | 43,135 | 4,639 |
| Other comprehensive income | (4,100) | (8,805) | 43,535 | (43,830) |
| **Total comprehensive income for the period** | **3,414** | **(56,057)** | **86,670** | **(39,191)** |
| Basic earnings per share(Annualized) | | (5.62) | | 0.59 |
| Diluted earnings per share | | | | |
| **Profit attributable to:** | | | | |
| Equity-Holders of the Bank | 7,513 | (47,251) | 43,135 | 4,639 |
| Non-Controlling Interest | | | | |
| **Total** | **7,513** | **(47,251)** | **43,135** | **4,639** |

#### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 12.76% | | 17.40% |
| Non-Performing Loan (NPL) to Total Loan | | 8.48% | | 4.26% |
| Total Loan Loss Provision to Total NPL | | 76.04% | | 73.91% |
| Cost of Funds | | 8.50% | | 10.45% |
| Credit to Deposit Ratio | | 77.44% | | 84.87% |
| Base Rate | | 11.36% | | 13.14% |
| Interest Rate Spread | | 4.59% | | 4.79% |

#### Statement of Distributable Profit or Loss

| Particulars | Current Year |
|---|---|
| Net profit or (loss)as per statement of profit or loss | (47,251) |
| Appropriations: | - |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employee' training fund | - |
| F. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(47,251)** |
| Regulatory adjustment: | |
| Transfer to regulatory reserve | |
| Transfer from regulatory reserve | (104,856) |
| **Net profit/(loss) for the quarter ended on Chaitra 2080 available for distribution** | **(152,107)** |
| Opening Retained Earnings on Shrawan 1 2080 | (162,066) |
| Adjustments | 1,006 |
| Distribution | |
| **Total Distributable Profit/(Loss) as on Chaitra end 2080** | **(313,168)** |

**Notes:**
1. The above figures are subject to review/change from regulator and/or external audit.
2. Above Financial are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as per NRB Directive.
3. The figures of previous periods have been regrouped/rearranged whenever necessary.
4. If the stautory and supervising authority notifies to change the unaudited Financial statement may change accordingly.
5. Loan loss provision and interest income are adjusted availing the facilities of NRB circular.
6. Interim financial statements have been pulished in website.
7. Certain parts of NFRS will be compiled on preparation of annual financial statements.

### Annexure 14 of Securities Registration and Issue Regulations, 2073 (Related to sub rule (1) of Rule 26) For the Third Quarter of F.Y.2080/81)

**1. Financial Statements Highlights**

i. Financial detail at the end of Third quarter ending 30/12/2080 of the financial year 2080/81 has been shown above.

ii. Major Financial Indicators

| | | | |
|---|---|---|---|
| Earnings per share (Annualized) | NPR.(5.62) | Market Value Per Share | NPR 369.10 |
| Price Earnings Ratio | (65.70) | Net Worth Per Share | NPR 98.37 |
| Total Assets/No. of share | 837.71 | Liquidity Ratio | 31.95 |

**2. Management Analysis**

a. **Details relating to the change in the FI's reverse income and liquidity in the quarter (if any) and its main reason.** There has been change in the FI's reserve position, income and liquidity as stated in the financial highlight of in this quarter ending of FY 2080-81.There have been changes in the reserve position of the FI based on the profit/loss generated during the reported period. The FI continues to maintain comfortable liquidity position.

b. **Management's analytical details regarding future business plan:** FI's seeks to achieve sustainable growth in business and profitability as per its strategic management plan.

c. **Analytical details of the incidents that may have major impact on reserve, profit or cash flow (if any) based on previous experience:** There have been no incidents or conditions which may have impact on the FI's position, profits and cash flow.

**3. Legal Proceedings**

a. **Case filed by or against the FI in this quarter:** Except in the regular course of business, there is no law suits filed against the FI in this quarter.

b. **Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or Director of the FI:** No such information has been received.

c. **Case relating to commission of financial crime filed against any promoter or Director of the FI:** No such information has been received.

**4. Analysis of Stock Performance**

a. **Management view on the transaction of the shares to the FI in the Share Market:** Movements in the share price are determined by the open market principal. Hence, management has neutral opinion regarding the share price movement.

b. **Maximum, minimum and last share price of organized institution including total transacted number of share and transacted day during the quarter. (As per Nepalstock.com)**

| | | | |
|---|---|---|---|
| Maximum share price | NPR 413.10 | Minimum share price | NPR 340 |
| Closing share price | NPR 369.10 | Total no. of transactions | 9,994 |
| No. of days of transaction | 58 days | Total traded no. of share | 22,53,156 |

**5. Problem and Challenges**

**Internal Problems and Challenges:** Increasing operational risk due to increase in branch network and transactions, increasing operational cost, turnover of staffs are the major internal problems and challenges faced by the FI.

**External Problems and Challenges:** High competition in the BFI's industry, volatile interest rate on deposit, lack of favorable environment for the investment are the major external problems and challenges faced by the FI.

**Strategy to overcome the problems and challenges:** Expanding business activities with caution observing the changes in internal and external environment, effective risk management, monitoring and controlling on operational risk, market risk and interest rate risk, focus on development of staffs by training, counseling and monitoring them, innovative product for expanding customer base.

**6. Corporate Governance**

Board of Directors, Audit Committee and Management team are committed to strengthening good corporate governance within the FI. Reliance Finance Ltd has written policies, rules and guidelines to perform banking with good governance.

**7. CEO's declaration regarding truth and fairness**

I am responsible for the truth and fairness of the information and statements in this report till date. Besides, I declare that, to the extent of my knowledge, the statements are true and fair and any information necessary for investors to decisions has not been suppressed.

# प्रभाव दैनिक

शुक्रबार ७, वैशाख २०८१ (Friday, April 19, 2024)


## रूपशाला

### 'मनबिनाको धन ठूलो कि धनबिनाको मन' बनाउँदै बुढाथोकी

गायक तथा संगीतकार टंक बुढाथोकीले अशोक दर्जीलाई लिएर फिल्म बनाउने भएका छन् । उनको क्यारियरको टर्निङ पोवाइन्ट मानिएको गीत 'मनबिनाको धन ठूलो कि धनबिनाको मन' गीतमाथि नै फिल्म बनाउने घोषणा गरिएको छ । ६ वर्ष अगाडि रिलिज भएको यो गीत निकै चर्चित बनेको थियो । फिल्मलाई टंक आफैंले निर्देशन गर्दै छन् । यस गीतमा टंकसँगै आवाज दिएका अशोक दर्जीले फिल्ममा अभिनय गर्ने भएका छन् । यस फिल्मको निर्माण टंकसहित एनआरएन विनय अधिकारी गर्ने बताइएको छ । फिल्मको स्क्रिप्ट शिवम अधिकारीले लेखेका छन् भने फिल्मको छायांकन जेठपछि शुरू हुने बताइएको छ ।



छैटौं ब्युटिसियन ट्यालेन्ट नेपाल

# फाइनलमा २१ जना छानिए




■ प्रभाव संवाददाता

**काठमाडौं** – विगत ६ वर्षदेखि आयोजना हुँदै आएको 'एच्यु हेयर ओयल ब्युटिसियन ट्यालेन्ट नेपाल'को छैटौं सिजनको फाईनलका लागि २१ जना प्रतियोगीहरू चयन भएका छन् । गत साता सम्पन्न पहिलो अडिसनबाट १३ जना चयन भएका थिए भने बुधबारसम्पन्न दोश्रो अडिसनबाट पुन ८ जना चयन भएका छन् ।

रोज ब्युटी एकेडेमी रविभवनमा नेपाल नेशलन हस्पिटलका अध्यक्ष डा. प्रकाश पौडेलका प्रमुख आतिथ्यतामा दोश्रो अडिसन सम्पन्न भएको हो । दोश्रो अडिसनबाट पाल्पाकी लक्ष्मी पौडेल, काठमाडौंका जेस्मी श्रेष्ठ, सविना शाही, अम्बिका खत्री, हिसिला महर्जन, ललितपुरका सविना महर्जन, चिनु कुँवर बस्नेत, सञ्जु तामाङ ब्युटिसियन ट्यालेन्ट नेपाल २०२४ सिजन ६ को लागि चयन भएका हुन् ।

रोज ब्युटी एकेडेमी र विलक्षण क्रियसन प्रा.लि.को सँयुक्त रूपमा आयोजना हुँदै आएको यो प्रतियोगितामा यस अघि १३ जना प्रतियोगीहरू चयन भएका छन् । जसमा सृजना श्रेष्ठ, निशा थापा, रितु राना (रिता), रजनी राई, शर्मिला बुढाथोकी, आरती राई, सनम खड्गी, मञ्जु खत्री, अम्बिका तुलाधर, अस्मिता अधिकारी, सम्झना सुवेदी थापा, रिता भट्टराई र मैना श्रेष्ठरहेका थिए ।


रोज ब्युटी एकेडेमीकी अध्यक्ष सोनी कारँजितको अध्यक्षतामा सम्पन्न दोश्रो अडिसनमा बोल्दै डा. प्रकाश पौडेलले ब्युटिसियन आफैंमा सौन्दर्यको चिकित्सक हुने भने । नयाँ प्रतियोगीहरूलाई सफलताको शुभकामना दिँदै उनले यो प्रतियोगिताले ब्युटिसियनहरूलाई सेलिब्रेटीको रूपमा स्थापित गर्दै आएको बताए ।

कार्यक्रममा बोल्दै बरिष्ट ब्युटिसिनय सोनी कारँजितले ब्युटिसियनहरूको व्यक्तित्व विकाश र प्रतिभा प्रस्तुतिको लागि यो प्रतियोगिता आयोजना गर्दै आएको बताईन् । छैटौं सिजनको यो दोश्रो अडिसनको निर्णायकहरूमा ब्युटिसियन ट्यालेन्ट नेपाल सिजन ३ की बिजेता लिना डँगोल, रोज ब्युटी एकेडेमीकी म्यानेजिङ डिरेक्टर परिषी कारँजित, लायन्स क्लब अफ काठमाडौं चन्द्रागिरी सर्कलकी अध्यक्ष सुनकुमारी श्रेष्ठ, ब्युटिसियन सकुन्तला अवाले रहेका थिए । यो प्रतियोगिताको अफिसियल कोरियोग्राफरमा जयन सुब्बा मानन्धर रहेकी छिन् ।

यो प्रतियोगिताको ग्रान्ड फिनाले आगामी २५ बैशाखमा नाचघरको मेघा हलमा आयोजना हुँदैछ । यो प्रतियोगिताले ब्युटिसियनहरूलाई आफ्नो पार्लरबाट बाहिर आएर आफ्नो पेशामा नेतृत्व गर्ने क्षमता बढाउनुका साथै सेलिब्रेटी ब्युटिसियनको रूपमा उनीहरूलाई स्थापित गर्दै आएको यसका अर्का आयोजक डब्बु क्षत्रीले बताएका छन् ।

यो प्रतियोगितामा सहभागी हुनेहरूले गाउन र टिसर्ट त पाउँछन नै । उनीहरूले ब्युटिसियन सम्बन्धि दुई साताको विशेष प्रशिक्षण पनि पाउने छन् । सो प्रशिक्षणमा प्रतियोगीहरूलाई सेल्फ मेकअप, ल्यासेस एक्स्टेन्सन, ब्राईडल मेकअप, रशियन जुरो, विभिन्न जुरो, हाईडा फेसियल, हेयर केयर, स्किन केयर, कस्मेटिक केमिकल, वाटर मार्वल नेलआर्ट, पर्मानेन्ट ल्यासेस लिफ्टिङ, बि.बि. ग्लो फेसियल जस्ता विषयमा प्रशिक्षण समेत दिईने भएको छ । यस्तै दुई साताको पर्सनालिटी डेभलपमेन्ट, बतृत्वकला, क्याटवाट जस्ता ग्रुमिङ प्रशिक्षणसमेत उनीहरूलाई गराईने भएको छ । यस्तै उनीहरूको विशेष फोटो शेसन र भिडियो सेसन पनि हुने छ ।

# अनमोलको फिल्म 'फर्की फर्की'को ट्रेलर सार्वजनिक




**काठमाडौं (प्रस)**– सुपरस्टार अनमोल केसीको फिल्म 'फर्की फर्की'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक सार्बजनिक गरिएको ट्रेलरबाट फिल्म टाइम ट्राभलको कथामा बनेको बुझ्न सकिन्छ । फिल्ममा अनमोललाई स्टाइलिस रूपमा प्रस्तुत गरिएको ट्रेलरबाट बुझ्न सकिन्छ । फिल्ममा उनको अपोजिटमा अभिनेत्री जसिता गुरुङ रहेकी छन् । फिल्मलाई सुयोग गुरुङले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा अनमोल र जसितासँगै सलोन बस्नेत, कृष्ण मल्ल, निर्मल शर्मा, रवि काफ्ले, समृद्धि अर्याल लगायतको पनि अभिनय रहेको छ । ओम प्रकाश अग्रवाल र रोहित अधिकारीको निर्माण रहेको फिल्मका सह-निर्माता मनोज ओली र रामु न्यौपाने तथा मोती कार्की र अनिरुद्र गिरी कार्यकारी निर्माता रहेका छन् । जेठ १० गते रिलिज हुने यो फिल्मसँगै बहुप्रतिक्षित मल्टिस्टार फिल्म 'पूजार सार्की' र पुजा शर्माको प्रमुख भूमिका रहेको 'दान्भी' भिड्दै छन् ।

## 'सिरानीको साथी'मा दिक्पाल र सेजलको रोमान्स

**काठमाडौं (प्रस)** – गायक बसन्त थापाको नयाँ गीत 'सिरानीको साथी' सार्वजनिक भएको छ । सेन्टिमेन्ट शैलीमा तयार गीतमा शब्द तथा संगीत पनि गायक थापाकै रहेको छ । गीतमा आफ्नो प्राण पियारी (श्रीमती) पैसाको लोभमा विदेशिन लागेपछि श्रीमानको मनमा उब्जिएको पिडा ब्यक्त छ । गीतले विदेशिनेलाई स्वदेशमै रहन समेत सन्देश दिन्छ । गीतको संगीत संयोजन अशोक कुमार राइले गरेका हुन् ।

गीतको भिडियोमा दिक्पाल कार्की र सेजल कफियाको अभिनय छ । दिक्पाल र सेजल भिडियोमा श्रीमान् श्रीमतीको रूपमा देखिएका छन् । अमृत सुनुवारको छायांकन, शौखिन तिमल्सिनाको सम्पादन रहेको भिडियोका सहायक निर्देशक सम्यक अधिकारी हुन् । भिडियोका निर्देशक समन अधिकारी हुन् ।

## रंगशाला

# एथलेटिक्समा एकैदिन बन्यो ३ कीर्तिमान

■ प्रभाव संवाददाता

**काठमाडौं**– राष्ट्रिय खेलकुद परिषद् (राखेप) द्वारा आयोजित १४ औं केन्द्रीयस्तरीय राष्ट्रपति रनिङ सिल्डअन्तर्गत एथलेटिक्सको अन्तिम दिन बिहीबार ३ नयाँ जुनियर राष्ट्रिय कीर्तिमान कायम भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सुदूरपश्चिम प्रदेशका आशिष महरले छात्र ट्रिपलजम्पमा १४.१९ मिटर जम्प गर्दै ३६ वर्षअघिको जुनियर राष्ट्रिय कीर्तिमान भंग गरी स्वर्ण जिते । आशिषले २०४४ सालमा धनवीर चौधरीले बनाएको १४.०६ मिटरको कीर्तिमान तोडेका हुन् । प्रतियोयगितास्थलमै रहेका धनवीरले आशिषलाई प्रोत्साहन स्वरूप नगद पनि प्रदान गरेका थिए । बागमती प्रदेशका विशाल गुरुङ दोस्रो तथा लुम्बिनी प्रदेशका विजय थारु तेस्रो भए । सो स्पर्धाको छात्रामा लुम्बिनीकी अनिशा थारु पहिलो भइन् । अनिशाले १०.५७ मिटर जम्प गरिन् । सुदूरपश्चिमकी रेनुका ऐर दोस्रो तथा बागमतीकी अपेक्षा महतो तेस्रो भए ।

छात्रा ३ हजार मिटर दौडमा सुदूरपश्चिमकी देवकीकुमारी धामीले जुनियर राष्ट्रिय कीर्तिमानसहित पहिलो भइन् । देवकीले निर्धारित दूरी १० मिनेट ५२.८२ सेकेन्डमा दौड पूरा गर्दै २०७५ सालमा राममाया बुढाले स्थापित गरेको १० मिनेट ५७.२ सेकेन्डको कीर्तिमान तोडिन् । लुम्बिनीकी गुञ्जा यादव दोस्रो तथा कर्णाली प्रदेशकी कल्पना बुढा तेस्रो बने । उक्त स्पर्धाको छात्रमा कर्णाली प्रदेशका अजय विकले स्वर्ण जिते । उनले दूरी पूरा गर्न ९ मिनेट २४.२ सेकेन्ड समय लगाए । बागमतीका विश्वराम कुँवरले रजत तथा कर्णालीका अक्कल बडुवालले कांस्य हात पारे ।

छात्रा ४ गुणा ४ सय मिटर रिलेमा भावना फर्साल, सरिता खड्का, हिमाली शाही र कृष्णा राना सम्मिलित कर्णाली टोलीले कीर्तिमानी स्वर्ण जिते । उक्त टोलीले निर्धारित दूरी ४ मिनेट १७.२ सेकेन्डमा पार गरे । यसअघि उक्त कीर्तिमान लुम्बिनीका अरुणा रिजाल, पूर्णिमा खड्का, पूजा चौधरी र करुणा रिजालको नाममा ४ मिनेट २३.८ सेकेन्डको कीर्तिमान थियो । लुम्बिनी दोस्रो तथा सुदूरपश्चिम तेस्रो स्थानमा रहे । सोही स्पर्धाको छात्रमा सुदूरपश्चिम पहिलो, मधेस प्रदेश दोस्रो र बागमती प्रदेश तेस्रो बने । तीनदिने एथलेटिक्स प्रतियोगितामा योसहित जम्मा ५ जुनियर राष्ट्रिय कीर्तिमान बने । पहिलो दिन गण्डकीका गणेश विकले छात्र हाइजम्पमा १.८१ मिटर जम्प गर्दै जुनियर राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जितेका थिए । दोस्रो दिन कर्णालीकी सरिता खड्काले छात्रा ८ सय मिटर दौड २ मिनेट २८.५ सेकेन्डमा पूरा गर्दै कीर्तिमान रचेकी थिइन् ।

बिहीबारै भएको सटपुटको छात्रमा कर्णालीका बालकुमार नकाल पहिलो भए । उनले १२.९५ मिटर टाढा फाले । सुदूरपश्चिमका गणेश विक दोस्रो तथा लुम्बिनीका सुराज थापा तेस्रो स्थानमा रहे । सो स्पर्धाको छात्रामा सुदूरपश्चिमकी कृष्णा बम १०.५७ मिटर टाढा फाल्दै शीर्ष स्थानमा रहिन् । सुदूरपश्चिमकै पूजा साउदले दोस्रो तथा बागमतीकी एलिना विक तेस्रो बने । छात्रको २ सय मिटर दौडमा मधेसका आदेशकुमार यादव पहिलो भए ।

# गण्डकी र लुम्बिनी प्रदेश विजयी

**काठमाडौं (प्रस)**– लगातार दुई खेलमा पराजित भएको गण्डकी प्रदेशले वीर गणेशमान सिंह राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा मधेशलाई पराजित गरेको छ । बिहीबार सम्पन्न खेलमा मधेशलाई गण्डकीले ८ विकेटले पराजित गरेको हो । जितसँगै चौथो स्थानमा रहेको गण्डकीले ३ खेलबाट २ अंक जवडेको छ । पहिलो खेलमा लुम्बिनीसँग गण्डकी ७ विकेटले पराजित भएको थियो । यस्तै, दोस्रो खेलमा पनि बागमतीसँग ६७ रनले पराजित भएको थियो ।

पराजित मधेशको समान ३ खेलबाट २ जितसहित ४ अंक रहेको छ । दोस्रो स्थानमा रहेको मधेशले पहिलो खेलमा बागमतीलाई ६ विकेटले पराजित गरेको थियो । दोस्रो खेलमा लुम्बिनीलाई २७ रनले पराजित गर्दै मधेशले लगातार दोस्रो जित हासिल गरेको थियो । मधेशले दिएको १०३ रनको लक्ष्य गण्डकीले १६.३ ओभरमा २ विकेट गुमाउँदै पूरा गऱ्यो ।

### लुम्बिनीको दोस्रो जित

कप्तान देव खनालको अलराउन्ड प्रदर्शनप्रेरित लुम्बिनी प्रदेशले वीर गणेशमान सिंह राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा दोस्रो जित हासिल गरेको छ ।

बिहीबार सम्पन्न खेलमा लुम्बिनीले कर्णाली प्रदेशलाई ७ विकेटले पराजित गरेको हो । पहिलो खेलमा गण्डकीलाई ७ विकेटले पराजित गरेको लुम्बिनी दोस्रो खेलमा मधेशसँग २७ रनले पराजित भएको थियो । दोस्रो जितसँगै शीर्ष स्थानमा रहेको लुम्बिनीले ३ खेलबाट ४ अंक जोडेको छ । कर्णालीको यो पहिलो खेल हो । बिहीबार कर्णालीले दिएको ८२ रनको लक्ष्य पछ्याएको लुम्बिनीले १२.२ ओभरमा ३ विकेट गुमाउँदै ८४ रन बनायो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH A AL BARRAK AND SONS CO

पूर्व स्वीकृति मिति २०८१/०१/०६ — LT. No. 303563 — चलानी नं. ६०२१८३७०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 82 | 0 | 1000 | ३५,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १४ गते (26th April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

